# सुन्दरबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ, गण्डकी प्रदेश, नेपाल

**SUNDARBAZAR MUNICIPALITY**

Office of Municipal Executive

Sundarbazar, Lamjung, Gandaki Province, Nepal


# पर्यटकीय स्थलहरूको भिडियो निर्माण प्रतियोगिता सम्बन्धी सूचना

(प्रकाशन मितिः २०८३/०१/०२)

प्रस्तुत विषयमा सुन्दरबजार नगरपालिकाको आर्थिक बर्ष २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार यस नगरपालिका भित्र रहेका पर्यटकीय गन्तव्यहरूलाई प्रबर्द्धन गर्नका लागि **"पर्यटन प्रवर्द्धन भिजुअल सामग्री प्रतिस्पर्धा"** आयोजना गरिएको छ। अतः इच्छुक सिर्जनशील भिडियोग्राफर, सम्पादक तथा प्रतिभाहरूबाट देहायका सर्तहरूको अधिनमा रही भिडियो सामग्री पेश गर्न यो सूचना आह्वान गरिन्छ।

**भिडियो सामग्रीमा समावेश गर्नुपर्ने विषयहरु :**

नगरपालिकाका ऐतिहासिक, धार्मिक, प्राकृतिक, कला र साँस्कृतिक क्षेत्र तथा पर्यटकीय पुर्वाधारहरु

**भिडियो सामग्रीका मापदण्ड र सर्तहरूः**

- **भिडियोको समयः** न्यूनतम २ मिनेटदेखि अधिकतम ३ मिनेटसम्म।
- **गुणस्तरः** भिडियो उच्च गुणस्तरको (FHD वा सोभन्दा माथि) हुनुपर्ने छ।
- **मौलिकताः** भिडियो सामग्री मौलिक हुनुपर्नेछ। अन्य व्यक्तिको भिडियो वा प्रतिलिपि अधिकार (Copyright) उल्लंघन गर्न पाईने छैन ।
- **छायांकन क्षेत्रः** भिडियोमा प्रयोग गरिएका दृश्यहरू सुन्दरबजार नगरपालिका क्षेत्रभित्रकै हुनुपर्ने छ।

**प्राथमिक मुल्याङ्कनका आधारहरूः**

- भिडियोको मौलिकता र रचनात्मकता।
- भिडियोले समेटेको क्षेत्र र सन्देश।
- प्राविधिक पक्ष (छायांकन र सम्पादन)।

**अन्तिम मूल्याङ्कनका आधारहरु :**

- प्राथमिक मूल्याङ्कनमा प्राप्त अंक सहित नगरपालिकाको आधिकारिक सामाजिक सञ्जालमा प्राप्त हुने पहुँच (Reach), प्रतिक्रिया (Reaction) र सकारात्मक टिप्पणी।

**पुरस्कारको व्यवस्थाः**

- **प्रथम पुरस्कारः** नगद रु. २५,०००/- (प्रमाणपत्र सहित)
- **द्वितीय पुरस्कारः** नगद रु. १५,०००/- (प्रमाणपत्र सहित)
- **तृतीय पुरस्कारः** नगद रु. १०,०००/- (प्रमाणपत्र सहित)

२०८३/०१/०२

रमेश घर्ति
... अधिकृत

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ, गण्डकी प्रदेश, नेपाल
SUNDARBAZAR MUNICIPALITY
Office of Municipal Executive
Sundarbazar, Lamjung, Gandaki Province, Nepal

**सामग्री बुझाउने प्रक्रिया र समय सीमा:**

- **भिडियो बुझाउने अन्तिम मितिः** २०८३ वैशाख मसान्तसम्म।
- **बुझाउने माध्यमः** नगरपालिकाको आधिकारिक ईमेल sundarbazarmun@gmail.com मार्फत पठाउन सकिने छ ।
- ईमेल पठाउँदा प्रतियोगीको नाम, ठेगाना र सम्पर्क नम्बर अनिवार्य खुलाउनुपर्ने छ।

**प्रतियोगिताको कार्यतालिकाः**

- **भिडियो संकलनः** २०८३ वैशाख ०३ देखि बैशाख मसान्तसम्म।
- **उत्कृष्ट १० भिडियो छनौटः** २०८३ जेठ पहिलो हप्ता भित्र।
- **डिजिटल प्रचार र भोटिङः** जेठ पहिलो हप्ता देखि जेठ मसान्त सम्म।
- **विजेता घोषणा :** प्रचार प्रसार समय समाप्ती पश्चात ।
- **पुरस्कार वितरणः** विजेता घोषणा पश्चात ।

**भिडियो प्रचार-प्रसारमा प्रतियोगीले निभाउनुपर्ने भूमिका :**

प्रतियोगिताको मूल्याङ्कनमा 'पहुँच र प्रभाव' (Reach and Impact) लाई समेत मुख्य आधार बनाइने भएकोले, प्राथमिक छनौटमा परेका उत्कृष्ट १० भिडियोका निर्माताहरूले देहाय बमोजिमको भूमिका निर्वाह गर्नुपर्ने छः

- **आधिकारिक पोस्टको प्रवर्द्धनः** नगरपालिकाको आधिकारिक फेसबुक पेजमा अपलोड गरिएको आफ्नो भिडियोलाई विभिन्न सामाजिक सञ्जाल समूहहरूमा सेयर गरी बढीभन्दा बढी दर्शकमाझ पुऱ्याउनुपर्ने छ।
- **ह्याशट्यागको प्रयोगः** भिडियो सेयर गर्दा नगरपालिकाले तोकेका आधिकारिक ह्याशट्यागहरू अनिवार्य प्रयोग गर्नुपर्ने छ।
- **अर्गानिक रिच (Organic Reach):** भिडियोको प्रचार गर्दा कुनै पनि गैर-कानुनी वा 'फेक बुस्टिङ' (Fake Boosting) को सहारा लिन पाइने छैन। सामग्रीलाई प्राकृतिक रूपमा भाइरल बनाउन र सकारात्मक चर्चा सिर्जना गर्न प्रतियोगी स्वयं सक्रिय हुनुपर्ने छ।

**थप जानकारीका लागिः** सुन्दरबजार नगर कार्यपालिकाको कार्यालय, इमेल : sundarbazarmun@gmail.com
फोन नं. ०६६-४०२२२६

**पुनश्चः** प्राप्त भएका उत्कृष्ट भिडियोहरू नगरपालिकाको सम्पत्तिको रूपमा रहने छन् र तिनलाई नगरपालिकाले आफ्नो डिजिटल लाइब्रेरी तथा प्रचार-प्रसारका लागि भविष्यमा प्रयोग गर्न सक्ने छ।

२०८२।१२।०२
रमेश घर्ति
प्रमुख प्रशासकीय अधिकृत